## अभ्यासः राष्ट्रिय कृषिगणना २०७८ को गणक तथा सुपरिवेक्षक तालिम प्रयोजनका लागि काल्पनिक कथामा आधारित कृषक मनिराम राना तथा गणक बीचको संवादको अंश

गण्डकी प्रदेश, तनहुँ जिल्ला, म्याग्दे गाउँपालिका, वडा नम्बर ४, गणना क्षेत्र नं. २ को कृषि चलन क्रम संख्या १५ र कृषि चलन नियन्त्रण संख्या ९ भएका मनिराम रानाको परिवार वैकुण्ठे गाउँमा बस्दछन् । उनको कृषि चलनमा लगत २ भर्नका लागि फाराम क्र.सं. ९ पुगेको छ । उनको परिवार कृषक परिवार हो र कृषि कार्यको लागि गरिने निर्णयमा उनकी श्रीमती शोमाया रानाले प्रमुख भूमिका खेलेकी रहिछन् । परिवारको दैनिक चाँजोपाँजो मिलाउने र पारिवारिक निर्णयमा प्रमुख भूमिका भने मनिराम स्वयंले गर्दारहेछन् । उनीहरू सबैको जात मगर रहेछ । यो परिवार राष्ट्रिय कृषिगणना २०७८ मा तथ्याङ्क संकलनका लागि छनोटमा परेको छ । उनीहरूको परिवारमा खटिएका गणक (मिति २०७९ वैशाख १० मा) र जवाफ दिने मनिराम (मोबाइलः ९८४६२*****) बीच लगत २ को भाग २, भाग ३, भाग ४ र भाग ५ का लागि गरिएको संम्वाद निम्नानुसार रहेको छः

**गणकः** अब म हजुरसँग कृषि चलनको बारेमा सामान्य विवरण सोध्दैछु है ।

**मनिरामः** हुन्छ, सोध्नुहोस् ।

**गणकः** यस कृषि चलनको स्थिति के होला?

**मनिरामः** कृषि चलनको स्थिति भन्नाले?

**गणकः** यहाँको परिवारले सञ्चालन गरेको कृषि कार्यको एकमुष्ठ हिसाबकिताब राख्नु हुन्छ कि दुई वा सो भन्दा बढी छुट्टाछुट्टै हिसाबकिताब राखेर परिवारका विभिन्न सदस्यले कृषि कार्य गरिरहनु भएको छ भन्न खोजेको ।

**मनिरामः** ए । त्यस्तो छुट्टाछुट्टै त केही गरेको छैन हो नानी । हामी सबै मिलेर खेतीपाती र पशुपन्छी पालन गर्ने गरेका छौं । त्योमध्ये पनि मुख्य त मकै र कोदो खेती नै हो ।

**गणकः** यस कृषि चलनबाट भएको उत्पादन मुख्यतः कुन रूपमा उपयोग हुन्छ?

**मनिरामः** धेरै जसो त खाने नै हो नि नानी । केही बचे खुचेको बेचिन्छ पनि ।

**गणकः** यस कृषि चलनले सरकारी निकायमा दर्ता गरी कुनै कृषि सम्बन्धी क्रियाकलाप सञ्चालन गरेको छ?

**मनिरामः** छैन नानी ।

**गणकः** अब म हजुरसँग जग्गा र सिँचाईसम्बन्धी विवरण सोध्दैछु है ।

**गणकः** यता तिर जग्गाको क्षेत्रफलको एकाइ के प्रयोग गरिन्छ?

**मनिरामः** रोपनी, आना, पैसा ।

**गणकः** यस कृषि चलनले आफ्नो परिवारको हकको जग्गा अरू कसैलाई चलन गर्न दिइएको छ?

**मनिरामः** कहाँ दिनु नि नानी, आफैलाई त पुगेको छैन ।

**गणकः** यस परिवारले चलन गरेको जग्गामा जम्मा कति कित्ताहरू छन्? अर्थात् यहाँहरूले कृषि कार्य गर्ने जग्गा मोटामोटी कति ठाउँमा छ भन्न खोजेको ।

**मनिरामः** यहि घरबारी, गैराबारी र खाराडीमा छ नानी अलिअलि जग्गा ।

**गणकः** घरबारी कहाँ छ? गैराबारी कहाँ छ? अनि खाराडी कहाँ छ नि?

**मनिरामः** पाखो बारीहरू घरबारी र गैराबारी यहि गाउँपालिकामा छ र खाराडीको खेत चैं यहि जिल्लाको व्यास नगरपालिकामा पर्छ नानी ।

**गणकः** घरबारीको क्षेत्रफल, गैराबारीको क्षेत्रफल र खाराडीको क्षेत्रफल कति कति छन् बताइदिनुहोस् न ।

**मनिरामः** घरबारी २३ रोपनी ७ आना, गैराबारी ५ रोपनी १० आना र खाराडीको खेत चैं ५ रोपनी मात्रै छ ।

**गणकः** यी जग्गाहरूमध्ये कति कति क्षेत्रफलमा सिंचाई भएको छ?

**मनिरामः** गैराबारीको ३ आना मात्रै र खाराडीको सबै सिंचाई हुन्छ नानी ।

**गणकः** घरबारीको उपयोग के कसरी गरिरहनु भएको छ? अर्थात के के लगाउने गर्नुभएको छ घर, गोठले कति ढाकेको छ, बाँझो छ कि छैन, वनवनेलो छ कि छैन, पोखरी छ कि छैन ?

**मनिरामः** घरबारीको १३ रोपनीमा यस्तै मकै, कोदो, घैया लगाउने गरेका छौं, २ रोपनी ३ आनामा सुन्तला, अनि ३ रोपनी जतिमा केरा, २ रोपनीमा कागति, २ रोपनीमा खरबारी, ४ आना जतिमा वनवनेलो र घर गोठले लगभग १ रोपनी ओगटेको छ नानी ।

**गणकः** त्यस्तैगरी गैराबारी र खाराडीमा कुन कुन कृषि कार्य कति कति क्षेत्रफलमा गर्नुहुन्छ?

**मनिरामः** गैराबारीको १ रोपनी ४ आनामा माछा पालेको छु, १ रोपनी १२ आना जतिमा वनबनेलो छ, ७ आनामा भुँइकटहर छ, २ रोपनी ३ आनामा त यस्तै मकै कोदो फापर लगाइन्छ । खाराडिमा भने चैते धान र बर्षे धानमात्र लगाउने हो नानी ।

**गणकः** अब म अस्थायी बाली र क्षेत्रफल सोध्छु है । सन्दर्भ बर्ष (२०७७ पुष १७ देखि २०७८ पुष १६ सम्म) मा फसल भित्र्याएको आधारमा घरबारीमा के के बाली कति कति क्षेत्रफलमा लगाउनु भयो र कति उत्पादन भयो?

**मनिरामः** १ रोपनीमा घैया धान लगाएको २ मुरी मात्रै भयो । बर्षे मकै १२ रोपनीमा लगाएको २६ मुरी जति भयो, त्यसपछि ९ रोपनीमा कोदो लगाइयो २० मुरी भयो, ३ रोपनीमा तोरी र केराउ मिसाएर लगाइयो, तोरी १ मुरी र केराउ १९ के.जि. जति उत्पादन भयो, १ रोपनीमा चैं पहिला हिउँदे आलु लगाइयो २०० के.जि. जति भयो फेरी सोहि बर्ष त्यसमा बर्षे आलु नै लगाइदिएको जम्मा ५० के.जि. मात्रै भयो नि नानी ।

**गणकः** यदि तोरी र केराउ नमिसाई लगाएको भए त्यति नै बिउ कति कति क्षेत्रफलमा लगाउन सकिन्थ्यो होला?

**मनिरामः** तोरीको त्यति बीउ २ रोपनीमा र केराउको १ रोपनीमा लगाउन सकिन्थ्यो होला ।

**गणकः** त्यसैगरी गैराबारीमा कति कति क्षेत्रफलमा के के लगाउनु भयो?

**मनिरामः** २ रोपनी ३ आनामा बर्षे मकै लगाएको ५ मुरी भयो त्यसपछि काउली लगाएको ३ क्विन्टल भयो ।

**गणकः** अनि खाराडीमा कति कति क्षेत्रफलमा के के लगाउनु भयो?

**मनिरामः** त्यहाँ त पुरै खेतमा पहिला बर्षे धान लगाएको २० मुरी भयो अनि चैते धान चाँहि २५ मुरी भयो ।

**गणकः** अब म स्थायी बाली र क्षेत्रफल सोध्छु है । सन्दर्भ बर्ष (२०७७ पुष १७ देखि २०७८ पुष १६ सम्म) मा घरबारीमा के के बाली कति कति क्षेत्रफलमा लगाउनु भयो र कति उत्पादन भयो?

**गणकः** घरबारीको २ रोपनी ३ आनामा बगैंचा नै बनाएर १०० बोट सुन्तला लगाएको सबै बोटबाट गरेर २००००० दान उत्पादन भयो, यसबाहेक फाट्टफुट्ट १० वटा बोट पनि हुर्कंदै छन् ।अनि ३ रोपनी जतिमा बगैंचा नै बनाएर १५०० बोट केरा लगाएको उत्पादन दिने बेला अलि भएको छैन, २ रोपनीमा ३०० बोटको कागतिको बगैंचा छ र सबै फलेका थिए जसबाट १००००० दाना कागति उत्पादन भएको थियो, २ रोपनीमा खरबारी छ ।

**गणकः** त्यसैगरी गैराबारीमा कति कति क्षेत्रफलमा के के लगाउनु भयो?

**मनिरामः** गैराबारीको ७ आना जतिमा बगैंचाकै रूपमा भुँइकटहरको ५०० बोट छन् जसमध्ये ४ आनामा ३०० बोट फल लाग्ने उमेरका छन् र करिब १५० जति त उत्पादन भएर पनि बिक्रि गरियो । १५/२० वटा खाइयो पनि ।

**गणकः** अनि खाराडीमा कति कति क्षेत्रफलमा के के लगाउनु भयो?

**मनिरामः** खाराडिमा भने चैते धान र बर्षे धानमात्र लगाउने हो नानी ।

**गणकः** अब म कित्ताअनुसार विभिन्न बालि लगाएको क्षेत्रफल सोध्छु है ।

**गणकः** घरबारीमा एक प्रकारको अस्थायी बाली, स्थायी बाली लगाएको जम्मा क्षेत्रफल कति कति होला ?

**मनिरामः** जस्मै जोड्यो भने त घरबारीमा अस्थायी बाली लागेको २४ रोपनी पो हुने भो त नानी अनि स्थायी बालि लागेको ८ रोपनी र मिश्रित अस्थायीबाली तेही तोरी र केराउको ३ रोपनी हुने भो नि ।

**गणकः** त्यसैगरी गैराबारी र खाराडिको पनि भन्नुहोस् न ।

**मनिरामः** गैराबारीमा एक प्रकारको अस्थायी बाली लागेको जम्मै जोड्ने हो भने ४ रोपनी र स्थायी बालि लागेको ७ आना हुने भो । अनि खाराडिमा स्थायी बालि हुने कुरा भएन, अस्थायी बालि लागेको क्षेत्रफलको जोड चैं १० रोपनी हुने भो ।

**गणकः** अब म कृषि सामाग्री सम्बन्धी प्रश्न सोध्छु है ।

**गणकः** धान बालीका लागि बीउ कस्तो प्रयोग गर्नु भयो?

**मनिरामः** घैया स्थानीय, चैते र वर्षे धान चैं उन्नत भनेर दिएका हुन जेटिएले ।

**गणकः** धान बालिमा विषादीको प्रयोग गर्नु भयो कि भएन?

**मनिरामः** निलो रङ्गको बट्टामा विष ल्याएर छोराले छरेको त हो ।

**गणकः** अनि धान बालिमा कस्तो मल प्रयोग गर्नु भयो त?

**मनिरामः** गाइवस्तुको मल सबै तिर राख्छौं क्यारे, खाराडिको पुरै खेतमा वर्षे धान लगाउने बेलामा चैं चिनि मल र गेडे मल त्यस्तै २८ के.जि. जति प्रयोग गरेको हो नानी ।

**गणकः** अनि मकै बालिमा?

**मनिरामः** मकै त पुरै स्थानीय बीउ हो नि । यसमा चैं गाइवस्तुको मल मात्र । विषादी पनि प्रयोग गरेको छैन ।

**गणकः** त्यस्तै आलुमा?

**मनिरामः** आलु चैं वर्णशंकर हो अरे, यसमा विषादी र रसायनिक मल प्रयोग गरिएन ।

**गणकः** अनि तरकारी बालिमा?

**मनिरामः** काउली बालिमा त उन्नत बीउ नै हो, सबैमा दुवै प्रकारको मल राखेको, विकासे मल त्यस्तै ८ के.जि. राखियो तर विषादी चैं प्रयोग गरिएन ।

**गणकः** अरू बाँकिमा कस्तो मल प्रयोग गर्नुभयो?

**मनिरामः** बाँकि बालिमा त सबैमा स्थानीय मल हो नानी ।

**गणकः** अब म पशुपन्छीसम्बन्धी केही विवरण सोध्छु है ।

**गणकः** आजको दिनमा हजुरको कृषि चलनमा पाल्तु चौपाया छन्?

**मनिरामः** छन् नि नानी २ वटा दुहुना जर्सी गाई, एउटा भर्खरको उन्नत बाच्छो र एउटा २ बर्षको उन्नत बाच्छी छन् अनि स्थानीय ३ वटा १ बर्षे खसी, २ महिनाका २ वटा स्थानीय पाठा, १ वटा स्थानीय पाठी र १ वटा ३ बर्षको माउ बाख्रा छन् ।

**गणकः** गत २०७७ पौष १७ देखि २०७८ पौष १६ सम्म गाई, बाख्रालाई मुख्य के के खुवाउनु भयो?

**मनिरामः** गाईको मुख्य आहारा भनेको त दाना किनेर खुवाउने नै हो, बाख्रालाई भने घरबारी कै घाँस खुवाइयो ।

**गणकः** यस कृषि चलनमा पाल्तु पन्छी छन्?

**मनिरामः** छन् नि नानी, लोकल कुखुरा माउ ५ वटा छन्, ति सबैले फुल पार्दैछन्, ३ वटा भाले छन् । घरको सो को लागि एक जोडा परेवा नि पालेका छम् ।

**गणकः** सन्दर्भ अवधिमा यस कृषि चलनमा पन्छीपालनको लागि मुख्य आहारा के खुवाइएको थियो?

**मनिरामः** यि पन्छीहरू घर वरिपरि आफै चर्छन् नि ।

**माथिको संवादको आधारामा लगत २ को भाग ५ सम्म भर्नुहोस् ।**